राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन १५ औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१५ ।। अङ्क : १२ ॥ २०७९ माघ २८ गते शनिबार (11th Feb 2023 Saturday) Pratidin National Daily dNo-?:%÷-

# ‘बिर्तामोडमा ५ हजार बढी लागूपदार्थ प्रयोगकर्ता’

बिर्तामोड(प्रस) । झापाको बिर्तामोड लागूपदार्थको प्रयोग र कारोबारको केन्द्र बन्दै गएको छ । भारतसंग खुल्ला सीमा जोडिएको झापा जिल्ला लागूपदार्थको ट्रान्जिट पोइन्ट बन्दै गएको अबस्थामा बिर्तामोड सबैभन्दा बढी प्रभावित बनेको हो । बिर्तामोडमा ५ हजारदेखि ७ हजारसम्म लागूपदार्थ प्रयोगकर्ता रहेको अनुमान गरिएको नवयात्रा पुनर्स्थापना केन्द्रका प्रकाश आलेले बताए । दुर्व्यसनमा लागेकामध्ये करिव ३० प्रतिशत विद्यार्थी रहेको बताइन्छ । आलेका अनुसार लगातार रुपमा लागूपदार्थ दुर्व्यसनीहरु पक्राउ पर्नु र पुनर्स्थापना केन्द्रमा बढिरहेको दुर्व्यसनीहरुको चापलाई हेरेर बिर्तामोडमा त्यति धेरै रहेको अनुमान गरिएको हो । यद्यपि त्यसका बारेमा कसैले पनि यकिन तथ्यांक निकालेका छैनन् । लागूपदार्थ दुर्व्यसनबाट सबैभन्दा बढी बिर्तामोडको ५ न. वडा प्रभावित भएको पाइएको छ ।त्यसपछि बिर्तामोडको वडा नं ४ ,१ ,३, २ सहित सबै वडा प्रभावित भएका छन् । बिर्तामोडको भद्रपुर रोड , कन्काई रोड , जात्रुवारी टोललगायतका ठाउँ दुर्व्यसनीहरुको ‘अखडा’जस्तै बनेको छ ।

**महिलाहरु पनि दुर्व्यसनमा संलग्न**

लागूपदार्थको दुर्व्यसनमा पुरुषसंगै महिलाहरु पनि लागेका छन् ।झापामा २२ वटा पुनर्स्थापना केन्द्र रहेका छन् । त्यसमध्ये एउटा महिला पुनर्स्थापना केन्द्रसहित बिर्तामोडमा



८ वटा पुनर्स्थापना केन्द्र रहेका छन् । चालू आर्थिक वर्ष २०७९-८० को माघ २४ गतेसम्मको करिव साढे ६ महिनाको अवधिमा बिर्तामोड प्रहरीले लागूऔषधमा संलग्न ३० जनालाई पक्राउ गरिसकेको छ । त्यसमध्ये ४ जना महिला रहेका छन् । त्यस्तै १८ वटा मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी निरीक्षक नरेश लिम्बूले बताए । उनले पक्राउ परेकासंग १०१.२ ग्राम ब्राउनसुगर र ४.८ केजी गाँजा बरामद भएको जानकारी दिए । लागूऔषध दुर्व्यसनलाई नियन्त्रणमा लिनका लागि बिर्तामोड प्रहरीले तदारुकताका साथ कामकार्वाही गरिरहेको उनले बताए ।

**बढ्दो दुर्व्यसनप्रति चिन्ता**

बिर्तामोडमा लागूपदार्थ दुर्व्यसनी बढ्दै गएपछि सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन् ।

गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड ५ ले १४ औं स्थापना दिवसका अवसरमा विद्यार्थीहरुलाई लक्षित गरी टावर टेम्पल स्कुलमा आयोजना गरेको लागूपदार्थ दुर्व्यसन सचेतना कार्यक्रमका सहभागीहरुले चिन्ता गरेका हुन् । उनीहरुले लागूपदार्थ दुर्व्यसनको समस्या बढिरहँदा समेत नियन्त्रणतर्फ पहल नगर्दा त्यसले विकराल रुप लिनसक्ने बताए । इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी निरीक्षक नरेश लिम्बूले सहजीकरण गरेको कार्यक्रममा बिर्तामोड ५ का वडाध्यक्ष रोहित प्रसाई , बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने , प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशी , थारु कल्याणकारिणी सभाका अध्यक्ष पुष्पलाल चौधरी,राजवंशी विकास प्रतिष्ठानका अध्यक्ष सुरेन राजवंशी ,नवयात्रा पुनर्स्थापना केन्द्रका प्रकाश आले , टावर टेम्पल स्कुलका प्रिन्सिपल तेजप्रसाद भट्टराईलगायतले बोलेका थिए । सहकारी संस्थाका अध्यक्ष लवकुमार चौधरीको अध्यक्षतामा उपाध्यक्ष युवराज बिमलीले स्वागत गरेको कार्यक्रमको संचालन सहसचिव रुपा राजवंशीले गरेकी थिइन् ।

**दुर्व्यसन नियन्त्रणको कुनै कार्यक्रम छैन**

लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि स्थानीय सरकारले वास्ता नगरिरहेको गुनासो आइरहेको बेला बिर्तामोड नगरपालिकाले अहिलेसम्म कुनै पनि कार्यक्रम गरेको छैन ।

लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी विभिन्न कार्यक्रम गरिरहेको नगरपालिकाले अहिलेसम्म दुर्व्यसनका बारेमा कुनै पनि कार्यक्रम नगरेको हो । अहिलेसम्म कुनै पनि कार्यक्रम नगरिएको नगरपालिकाका सामाजिक विकास शाखाका प्रमुख डिल्ली दाहालले बताए । उनले यसअगाडि कुनै पनि कार्यक्रम नगरिएपनि चालू आर्थिक वर्षको बजेटमा नगरका तीनवटा विद्यालयमा सचेतना कार्यक्रम गर्न १ लाख ५ हजार बजेट छुट्याइएको जानकारी दिए ।

# अमेरिकाबाट झापालीले पठाएको छात्रबृत्ति व्यवस्थित भएन



झापा(प्रस) । उच्च शिक्षासम्म अध्ययन गर्न पुग्नेगरी झापाली समाज युएसएले झापाका ६६ जना विद्यार्थीका लागि लाखौं रुपैयाँको छात्रबृत्ति वर्षेनि प्रदान गर्ने गरेको छ तर, त्यसलाई झापा जिल्ला सहकारी संघले व्यवस्थित गर्न सकिरहेको छैन । झापा जिल्ला सहकारी संघमार्फत ती छात्रबृत्ति वितरण गर्ने गरिएको छ ।

गत वर्षदेखि अमेरिकामा रहेका झापालीहरुको संगठन झापाली समाज युएसएले झापाका ६६ जना विद्यार्थीका लागि प्रतिविद्यार्थी २१ हजारका दरले छात्रबृत्ति उपलव्ध गराउँदै आएको छ । झापा जिल्ला सहकारी संघद्वारा बिहीवार आयोजित छात्रबृत्ति वितरण कार्यक्रममा झापाली समाज युएसएका संस्थापक अध्यक्ष तथा अन्तराष्ट्रिय झापाली समाजका वरिष्ठ उपाध्यक्ष मुकुन्द ढुंगानाले आफूहरुले सहयोग उपलब्ध गराएको छात्रबृत्तिलाई व्यवस्थित गर्न नसकिएको गुनासो गरे । उनले गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षासम्म अध्ययन गराउने गरी वितरण गर्ने उद्धेश्य राखिएको छात्रबृत्ति लक्षित समूहसम्म पुग्न नसकेको बताए । ‘झापा जिल्ला सहकारी संघले राम्रो तरिकाले यो कार्यक्रम गर्न सक्नुपर्छ ’उनले भने,‘ यो ग्रासरुटसम्म पुग्न सकिरहेको छैन , उत्तरदायीपूर्ण बनाउन सकिरहेको छैन ।’

झापाबाट गएर अमेरिकामा बसोबास गर्ने झापालीहरुले सन् २०१८ मा झापाली समाज युएसए गठन गरेका हुन् । छात्रबृत्ति प्रदान गर्नका लागि समाजले एकमुष्ठ २३ सय डलर दिने गरेको बताउँदै ढुंगानाले छात्रबृत्ति वितरण कार्यक्रमलाई गंभीर भएर अझ व्यवस्थित बनाउन आग्रह गरे । झापाली समाज युएसएले उपलब्ध गराउने रकमबाट विद्यार्थीलाई वर्षको २१ हजार रुपैयाँ दुई किस्तामा प्रदान गर्ने गरिन्छ । समाजले ५० जना विद्यार्थीका लागि छात्रबृत्ति उपलब्ध गराउने गरेको छ भने १६ जना विद्यार्थीलाई जिल्लाका विभिन्न सहकारीहरुले छात्रबृतिको व्यवस्था मिलाउने गरेका छन् । तिनै सहकारी संस्थाहरुले सिफारिस गरेको आधारमा विद्यार्थीहरुले छात्रबृत्ति पाउने गरेका छन् । ६६ जनालाई १३ लाख ८६ हजार रुपैयाँको सो छात्रबृत्ति जिल्लाकै ठूलो भएको बताइन्छ ।

पूर्वीद्वार बचत तथा ऋण सहकारी संस्था लि. मेचीनगर, सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. विर्तामोड, अभियान नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. अर्जुनधारा, नवोदय बहुउद्देश्यीय सहकारी संस्था.लि. कमल, जयनेपाल बचत तथा ऋण संस्था लि. बिर्तामोड, साना किसान कृषि सहकारी संस्था लि. बुद्धशान्ति, नमस्ते बचत तथा ऋण सहकारी संस्था लि. गौरादह, एकता बहुउद्देश्यीय सहकारी संस्था लि. हल्दिवारी, पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि., साना किसान कृषि सहकारी संस्था लि. महाभारा, महितकारी वचत तथा ऋण सहकारी संस्था लि. कचनकवल, पथरिया साना किसान कृषि सहकारी संस्था लि., साना किसान सहकारी संस्था लि. भद्रपुर, गणेश बहुउद्देश्यीय सहकारी संस्था लि., आठमौजा बचत तथा ऋण सहकारी संस्था लि. गौरीगञ्ज, जनसेवा बचत तथा ऋण सहकारी संस्था लि., न्यू पाथीभरा बचत तथा ऋण सहकारी संस्था लि. झापा, कर्णाली बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड, स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संसथा लि. ,नवदुर्गा बहुउद्देश्यीय सहकारी संस्था लि. दमक र हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडले विद्यार्थी छनोट गरी सिफारिस गरेका छन् ।

प्रदेश नं १ का कृषि , उद्योग तथा सहकारी मन्त्री भक्ति सिटौलाले छात्रबृत्ति वितरण गरेका थिए । उनले भरोसायोग्य बनाउनेगरी काम गर्न सहकारी संस्थाहरुलाई आग्रह गरे । झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालले झापाका १५ वटै पालिकाका विद्यालयहरुलाई छनौट गरी त्यहाँ अध्ययनरत विद्यार्थीहरुलाई छात्रबृत्ति वितरण गरिएको बताउँदै त्यसलाई अझ व्यवस्थित बनाइने प्रतिवद्धता जनाए । उनले आगामी दिनमा विद्यार्थीको पढाइ हेरेर उनीहरुको घरमै पुगेर छात्रबृत्ति वितरण गरिने जानकारी दिए । बिहीवार जिल्लाका ६६ जना विद्यार्थीलाई छात्रबृत्ति वितरण गर्न आयोजित कार्यक्रममा मात्र ८जना विद्यार्थी सहभागी भएका थिए । बाँकी विद्यार्थीहरुका लागि उनीहरु अध्ययनरत विद्यालयकै खाता रकम जम्मा गरिदिने अध्यक्ष ढकालले बताए ।

# चोरी मुद्धाका फरार गौरादहका दुई पक्राउ

झापा(प्रस) । चोरी मुद्धाका फरार गौरादहका दुई प्रतिवादी पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा बिजय भन्ने रोबिन राजवंशी र एलेक्स भन्ने बिजय चौधरी रहेका छन् । झापा जिल्ला अदालतको मिति २०७८ कार्तिक १४ गतेको फैसला अनुसार चोरी मुद्धामा गौरादह नगरपालिका वडा नं.८का २५ वर्षिय बिजय



भन्ने रोबिन राजवंशीलाई ६ महिना कैद र रु ५हजार जरिवाना सुनाइएको थियो । सोही दिनको फैसलामा एउटै घटनामा संलग्न गौरादह नगरपालिका वडा नं.२ का ३६ वर्षिय एलेक्स भन्ने बिजय चौधरीलाई १ बर्ष ६ महिना कैद र रु १५ हजार जरिवाना सुनाइएको थियो ।

फरार रहेका राजवंशी र चौधरीलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले बिहीवार पक्राउ गरेको हो । झापा जिल्ला अदालतमा उपस्थित गराइ अदालतको आदेशले उनीहरु दुवैलाई कारागार पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# ट्र्याक्टर दुर्घटनामा एकको मृत्यु

झापा(प्रस) ।तेह्रथुमको म्याङ्लुङ नगरपालिका-१० सुर्केमा बिहीबार राति ८:४५ बजे ट्र्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

अर्का एकजना गम्भीर घाइते भएका छन् । बसन्तपुरबाट म्याङ्लुङतर्फ खाना पकाउने ग्यास लिएर आउँदै गरेको को २ त ५५३८ नम्बरको ट्र्याक्टरले पैदलयात्री ६२ वर्षीय दलबहादुर लिम्बूलाई ठक्कर दिएको थियो । त्यसपछि अनियन्त्रित भएको ट्र्याक्टर घरको छानामा पल्टिएर खाना पकाउँदै गरेकी ७६ वर्षीया हर्कमोती लिम्बूलाई किचेको ट्राफिक प्रहरी जवान सन्तोष भुजेलले बताए । घाइते लिम्बूको उपचारको क्रममा जिल्ला अस्पताल तेह्रथुममा मृत्यु भएको छिमेकी बिजेस भटराईले बताए । शव जिल्ला अस्पतालमा राखिएको छ । गम्भीर घाइते दलबहादुरको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फ पठाइएको प्रहरीले जनाएको छ । दुर्घटनालगत्तै फरार भएका चालक २२ वर्षीय देशबहादुर लिम्बूलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# गोमेन्द्रमा स्नातकोत्तर तहको कक्षा उद्घाटन

बिर्तामोड(प्रस) । बिर्तामोड-४ मा रहेको गोमेन्द्र बहुमुखी महाविद्यालयले स्नातकोत्तर तहको एमबिए र एमसीएको कक्षा उद्घाटन गरेको छ ।

महाविद्यालयले शुक्रवार शैक्षिक सत्र २०७९/०८० देखि स्नातकोत्तर तहको एमबिए र एमसीएको कक्षा उद्घाटन गरेको हो ।

झापा, इलाम, ताप्लेजुङ र पाँचथर जिल्लाभरिमै पहिलो पटक स्नातकोत्तर तहको एमबिए र एमसीएको कक्षा सञ्चालन गर्ने पहिलो महाविद्यालय गोमेन्द्र भएको महाविद्यालयका प्राचार्य डा. रुपकप्रसाद खनालले जानकारी दिए । पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गोमेन्द्र महाविद्यालयले स्नातकोत्तर तहको एमबिए र एमसीएको कक्षा यसै बर्षदेखि सञ्चालन गरेको हो ।




महाविद्यालयका संस्थापक अध्यक्ष गणेशप्रसाद खनालको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालयका परीक्षा नियन्त्रक तथा कार्यक्रमका प्रमुख अतिथि अजयकुमार शाहले एमबिए र एमसीए कक्षाको उद्घाटन गरेका थिए । स्वागत महाविद्यालयकी भाइस प्रिन्सिपल सरु खनालले गरेको कार्यक्रममा प्रमुख अतिथि शाह, बिर्तामोड नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष जलकुमार गुरुङ, बिर्तामोड ४ का वडाध्यक्ष राहुल शर्मा,एक्सेल डेभलोपमेन्ट बैंकका सिइओ इन्द्र कट्टेल, क्यान झापाका अध्यक्ष कृष्णप्रसाद घिमिरे, स्टेशनरी एसोसिएसनका पूर्व अध्यक्ष फडिन्द्र न्यौपाने, हिसान झापाका उपाध्यक्ष गौतम शिवाकोटीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा स्नातकोत्तर तहका बिभागीय प्रमुखमा प्राचार्य डा. पृथ्वीविक्रम राई, एमबिएतर्फ बिमल राजवंशीलगायतले एमबिए र एमसीएको कक्षाको ब्यवस्थापनका बिषयमा जानकारी गराएका थिए ।

२०५३ सालमा स्थापना भएको महाविद्यालयले शुरुका बर्षमा उच्च माध्यमिक शिक्षा परिषदबाट स्वीकृति लिएर कक्षा ११ र १२ सञ्चालन गर्दै आएको थियो । पत्रकारिता तथा कम्प्युटर बिज्ञानको कक्षा पूर्वाञ्चलमै पहिलो पटक शुरु गरेको महाविद्यालयले पूर्वमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ । २०५६ सालमा बिज्ञान तथा प्रबिधि संकायतर्फ बिसिए र २०६२ सालदेखि ब्यवस्थापन संकायतर्फ बिबिए पठनपाठन शुरु गरी प्राविधिक तथा ब्यावसायिक जनशक्ति उत्पादन गर्दै आएको छ ।

## नि:शुल्क स्वास्थ्य शिविर

**वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनका विशेषज्ञ डाक्टरहरुद्वारा चेकजाँच गरिने नाक , कान , घाँटी तथा पाठेघर र स्तन क्यान्सरसम्बन्धी एकदिवसीय नि:शुल्क स्वास्थ्य परीक्षणमा सहभागी भई स्वास्थ्य लाभ लिनुहोस् ।**

**मिति-२०७९ माघ २८ गते शनिवार**

**समय- बिहान ८ देखि बेलुका ५ बजेसम्म**

**स्थान- महेन्द्रज्योति मावि, बिर्तामोड-१० सैनिकबजार**

आयोजक

**बिर्तामोड नगरपालिका,**

**बिशाल कृषि सहकारी संसथा लि.,**

**विराटपोखर महिला समूह**

# शिविरमा २ सय ४६ लाभान्वित



झापा(प्रस) ।झापाको गौरादह नगरपालिका वडा नम्बर ९मा एकदिने निशुल्क आँखा शिविर सम्पन्न भएको छ ।

जिल्लाको दक्षिणी भेगमा सहयोगी मनहरु नेपालले शिविरको आयोजना गरेको हो । बलभद्र आधारभूत विद्यालयमा आयोजना गरिएको शिविरलाई गौरादह नगरपालिकाका नगर प्रमुख छत्रपति सुवेदीले आँखा जाँच गरेर उद्घाटन गरे।

शिविरमा २ सय ४६ जनाले सेवा लिएको र उनीहरुलाई आँखा जाँच र औषधी निःशुल्क गरिएको संस्थाका महासचिव विष्णु उप्रेतीले जानकारी दिए । चस्मा लगाउनु पर्ने भए २ सय रुपैयाँ लिएर चिकित्सकको सल्लाह अनुसारको चस्मा प्रदान गरिएको जनाइएको छ । चेकजाँचमा ६ जनाले शल्यक्रिया गर्नु पर्ने देखिएको छ । शिविरलाई मेची आँखा अस्पताल बिर्तामोडले प्राविधिक सहयोग गरेको थियो । शिविरमा जेष्ठ नागरिकसँगै बालबालिका तथा वयस्क उमेर समूहकाहरु पनि आँखा परीक्षण गराउन आएका थिए । त्यहाँ आउने अधिकांशमा आँखा चिलाउने, दुख्ने, पाक्ने ,सुन्निने , मोतियाबिन्दु जस्ता समस्या देखिएको शिविरमा सहभागी आँखा रोग विशेषज्ञ डा. पुष्प अधिकारीले बताए । गाउँका बासिन्दालाई सहज स्वास्थ्य सुविधा दिनका लागि गाउँमै स्वास्थ्य शिविर आयोजना गरिएको सहयोगी मनहरु नेपालका अध्यक्ष भीम आचार्यले बताए ।

# झापामा सौर्य ऊर्जा परियोजनाको निर्माण तीव्र

झापा(प्रस) । झापामा दश मेगावाट विद्युत् उत्पादन गर्ने मुलुककै ठूलो सौर्य ऊर्जा परियोजनाको निर्माण कार्य तीव्ररूपमा भइरहेको छ । सो परियोजना झापा इनर्जीको नामले परिचित छ । शिवसताक्षी नगरपालिका-४ सालमारामा रु ८० करोडको लगानीमा परियोजनाको निर्माण सुरु भएको हो । एक्काइस बिघा जमिनमा फैलिने परियोजनाको आगामी २०८० असार मसान्तमा निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको झापा इनर्जीका प्रबन्ध सञ्चालक सुवास भट्टराईले बताए । करिब ७५ प्रतिशत माछापुच्छे बैंक र सिभिल बैंकको वित्तीय साझेदारी रहेको परियोजनामा २५ प्रतिशत साधारण शेयरबाट रकम जुटाइएको उनले जानकारी दिए । 'आगामी असारभित्र पूरा गर्ने लक्ष्यसहित धमाधम निर्माणको कामलाई तीव्रता दिइरहेका छौँ', उनले भने, 'परियोजनालाई चाहिने आवश्यक सामग्री निर्माणाधिन स्थलमा आइरहेको



छ ।' परियोजनाको काम पूरा भएलगत्तै विद्युत् उत्पादन सुरु हुने उनले बताए । उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणले किन्ने सम्झौता भइसकेको उनको भनाइ छ । पूर्वपश्चिम राजमार्गको दूधे बजारबाट करिब १० किलोमिटर दक्षिण ग्रामीण क्षेत्रमा परियोजनास्थल रहेको छ ।

त्यहाँबाट नेपाल विद्युत् प्राधिकरणको शिवगञ्ज ग्रिड एक किलोमिटर नजिक छ । कम्पनीबाट उत्पादित सौर्य विद्युत् लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्नका लागि इनर्जी आफैँले नौ सय ६० मिटर प्रसारण लाइन निर्माण गरिसकेको छ । भट्टराईले परियोजनामा उच्च प्रविधियुक्त सोलार प्यानल तथा उपकरण जडान गरिने बताए । उनले नेपाल विद्युत् प्राधिकरण र झापा इनर्जीबीच २०७८ मंसिर १२ मा विद्युत् खरिद सम्झौता भइसकेको बताए । सम्झौताअनुसार परियोजनाबाट उत्पादित बिजुली विद्युत् प्राधिकरणले प्रतियुनिट सात रुपैयाँ ३० पैसाका दरले खरिद गर्नेछ ।

आयोजनाले वार्षिक एक करोड ७६ लाख १० हजार युनिट बिजुली उत्पादन गर्नेछ । यसका आधारमा आयोजनाले वार्षिक रु १२ करोड ८५ लाख आम्दानी गर्ने प्रारम्भिक अनुमान गरिएको छ । झापा निर्वाचन क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य लालप्रसाद साँवाको परिकल्पनामा चार वर्षअघि सुरु भएको सौर्य ऊर्जा परियोजनाको शिलान्यास गत वर्ष संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले गरेका थिए । नेपालमा हाल २९ मेगावाट सौर्य विद्युत् उत्पादन भइरहेको र सन् २०३० सम्ममा यसलाई बढाएर एक हजार मेगावाट पुर्याउने राष्ट्रिय लक्ष्य रहेको कम्पनीका अध्यक्ष साँवाले बताए । विदेशमा सौर्य ऊर्जाको ठूला परियोजना हेरेपछि आफ्नो मुलुकमा समेत यसको सम्भावना अध्ययन गरेर झापा इनर्जीको स्थापना गरिएको उनले बताए । उनले मुलुकको आर्थिक समृद्धिका लागि जनसहभागितामा आधारित यस्ता परियोजनाले ठूलो योगदान पुर्याउने बताए ।


## बिमालेख हरायो

पनौती-२ काभ्रे निवासी रामकुमार थापाको रिलायबल नेपाल लाईफ इन्सुरेन्सको २०१००००११८४ नम्बरको बिमालेख बिर्तामोडबाट काठमाण्डौं जाने क्रममा २०७९/०९/१० गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला ।

**रामकुमार थापा**

**ठेगाना: पनौती-२ ,काभ्रे सम्पर्क नं ९८४३०३२१११**


# लैङ्गिक हिंसा न्यूनीकरणमा सरोकारवालाबीच अन्तरक्रिया




बिर्तामोड(प्रस) । लैङ्गिक हिंसा न्यूनीकरणमा सरोकारवालाबीच अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम बिर्तामोडमा सम्पन्न भएको छ । बिर्तामोड नगरपालिकाको आयोजनामा एकदिने अभिमुखीकरण कार्यक्रम शुक्रवार सम्पन्न भएको हो ।उद्घाटन कार्यक्रममा बोल्दै नगर प्रमुख पवित्रा महतारा प्रसाईले पछिल्लो समय सकारात्मक र सृजनात्मकभन्दा पनि नकारात्मक विषयप्रति मानिसहरुको ध्यान धेरै गएको बताइन् । सामाजिक सञ्जाल प्रयोगमा यस प्रकारका कुराहरु बढिरहेको भन्दै उनले सकारात्मक सोचको विकास गर्नु पर्नेमा जोड दिइन् । कार्यक्रमकी प्रमुख अतिथि समेत रहेकी नगर प्रमुख प्रसाईले हिंसाका घटनामा महिला र पुरुष दुवैको संलग्नता रहने गरेको र यसको न्यूनीकरणको लागि आ-आफ्नो क्षेत्रबाट सबै लाग्नु पर्ने बताइन् । यस्तै कार्यक्रममा बोल्दै नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले बिर्तामोड नगरपालिकालाई हिंसाविरुद्धको नगरपालिकाको रुपमा अघि बढाउनु पर्ने बताए। उनले महिला र पुरुषबीचमा मात्र नभई महिला- महिलाबीच पनि हिंसा रहेको भन्दै एकले अर्कोलाई अपमान गरेर अघि बढ्न नसकिने धारणा राखे ।

अभिमुखीकरण कार्यक्रममा नारी सञ्चार गृह झापाकी संस्थापक अध्यक्ष, त्रिदेव बहुमुखी क्याम्पस प्राध्यापक संघ इकाई समितिकी सभापति सावित्रा दाहाल भट्टराईले प्रशिक्षण दिएकी थिइन् । नगर उपप्रमुख संग्रौलाको अध्यक्षतामा आयोजित अभिमुखीकरण कार्यक्रममा कार्यपालिका सदस्य यमुना आचार्य, सीता ढुंगाना (विक), शर्मिला राजवंशी, संगीता सिवा,तिला गौतम, निर्मला गजमेर, लक्षिमा खतिवडालगायतका महिला जनप्रतिनिधि, संघसंस्थाका प्रतिनिधि, टोल विकास संस्थाका महिला प्रतिनिधि,कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

बिर्तामोड नगरपालिकाको आह्वान, हात्तीपाइले रोग मुक्त नगर हाम्रो अभियान

## हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति **२०७९ फागुन ११ गतेदेखि** हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीहरूद्वारा खुवाइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान **२०७९ फागुन १७ गतेसम्म** सञ्चालन हुने भएकोले उक्त औषधि आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

### हात्तीपाइले रोगका लक्षणहरू

- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने ।
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने ।
- पुरूषमा अण्डकोष ठूलो भई हाइड्रोशिल हुने ।
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने ।
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने ।
- पिसाब सेतो वा रातो आउने ।
- लामो समयसम्म सुख्खा खोकी लागिरहने ।
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरू बाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधि सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
प्रदेश नं. १, झापा

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर
अनारमनी वितरण केन्द्र
फोन: ०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

## विद्युत आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समयमा विद्युत आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७९/१०/२८ गते | ११ के.भि. राजगढ फिडर, ११ के.भि. कन्काई फिडर । | घैलाडुब्बा सबस्टेशनदेखि सुरुङ्गा , डाँगीबारी राजगढ ,शरणामतीदेखि झापासम्मको लाईन । | राजगढ फिडर र कन्काई फिडर बिहान ११:०० बजेदेखि दिउँसो ०३:०० बजेसम्म। | घैलाडुब्बा ३/११ के.भि. सबस्टेशनको पावर ट्रान्सफर्मर मर्मत सम्बन्धी कार्य गर्नुपर्ने । | उल्लेखित समयभन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

- नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्र


## बिमालेख हरायो

नेपाल लाइफ इन्सुरेन्स कम्पनीको २०२०३६५८१ नं को मेरो बिमालेख हराएकाले भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

दिलेन्द्रकुमार कार्की
बिर्तामोड-९ फोन नं. ९८५१०२३८८०

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

## गुगल रेष्टुरेन्ट एण्ड बार

शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , म:म , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्



गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi


## सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# मौद्रिक नीतिको समीक्षा

नेपाल राष्ट्र बैंकले साना तथा मझौला व्यवसाय सञ्चालन गर्ने ऋणीका लागि लचक व्यवस्थाहरू घोषणा गरेको छ। मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाले नगद प्रवाहको अभाव भई समयमा ऋणको किस्ता र ब्याज बुझाउन नसक्ने ऋणीका लागि समय थप्ने निर्णय गरेको हो। शुक्रबार जारी गरिएको मौद्रिक नीतिको समीक्षामा २०८० जेठसम्मको लागि ऋणीले भुक्तान गर्नुपर्ने कर्जाको साँवा/ब्याज दायित्व भाखा नाघेको एक महीनाभित्र भुक्तान गरेमा पेनाल ब्याज लिन नपाइने व्यवस्था घोषणा गरिएको छ।

साना तथा मझौला उद्योग–व्यवसाय सञ्चालनलाई सहजीकरण गर्न बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भई २०७९ पुससम्म सक्रिय वर्गमा रहेको दुई करोडसम्मको कर्जालाई उद्योग–व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी २०८० असारभित्र पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न पाउने व्यवस्था मिलाइने मौद्रिक नीतिको समीक्षामा उल्लेख छ। यसअघि कोभिड–१९ का वेला पनि ऋणको पुनरसंरचना तथा पुनरतालिकीकरणको सुविधा दिइएको थियो। यो व्यवस्थाले ऋणीहरुलाई राहत पुग्नेछ।

मौद्रिक नीतिको समीक्षाले बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने कर्जा र निक्षेपबीचको औसत ब्याजदर अन्तर तथा ऋणीबाट लिने प्रिमियम सम्बन्धी व्यवस्थाको अनुगमनलाई थप प्रभावकारी बनाइने उल्लेख गरेको छ। त्यसैगरी, ब्यांक तथा वित्तीय संस्थाको कर्जाको गुणस्तरलाई थप सुदृढ बनाउन कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्थाअन्तर्गत निष्कृय वर्गमा वर्गीकृत भएको कर्जा नियमित हुनासाथ असल एवम् सुक्ष्म निगरानी वर्गमा वर्गीकृत गर्ने लगायतका व्यवस्थामा अन्तर्राष्ट्रिय असल अभ्यास समेतका आधारमा पुनरावलोकन गरिने उल्लेख गरिएको छ।

मौद्रिक नीतिको समीक्षाले ब्याजदर करिडोर अन्तर्गतका दरलाई यथावत राखेको छ। अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात र स्थायी तरलता सुविधा सम्बन्धी पनि व्यवस्थालाई यथावत राखिएको नीतिको समीक्षामा उल्लेख छ। राहत र पूँजीगत खर्चपछि सरकारले ध्यान दिनुपर्ने तेस्रो पाटो हो, मौद्रिक पक्ष। कोरोना भाइरसले सिर्जना गरेको परिस्थितिका कारण ठूला होटलदेखि साना खुद्रा पसले, रेस्टुराँ तथा स–साना व्यवसायसम्मलाई धक्का लागेको छ। त्यसैले सबै व्यवसायले अब वासलातको संकट भोग्नेछन्। किनभने, ऋण नलिई कुनै पनि व्यवसाय चलेको छैन, चाहे औपचारिक क्षेत्र होस् वा अनौपचारिक क्षेत्रको ऋण।

अनौपचारिक क्षेत्रमा हस्तक्षेप गरेर ब्याजदर घटाउन कठिन छ। तर, औपचारिक क्षेत्रको ब्याजदर घटाउन सकिन्छ। यसले एकातिर ब्याजदर कम भएपछि दायित्व घटने हुँदा वासलात संकटबाट मुक्ति पाउन उद्योग व्यवसायलाई सजिलो हुन्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# मार्क्सवादी लेखन के हो ?



• डा. धनप्रसाद सुवेदी

साहित्यिक वा अन्य प्रकारको लेखनमा कुनै न कुनै प्रकारको विचार हुन्छ, वर्गीय पक्षधरता हुन्छ । लेखकले आफू बाँचेको परिवेश, उसको शिक्षा, उसको सोचाइ, बुझाइ आदिलाई आफ्नो लेखनमा प्रस्तुत गर्छ । लेखकको सोच, चाहना, विचारबाट उसको लेखन पूरापूर निर्देशित हुने हुनाले सबै लेखन, सबैका लागि उपयोगी हुँदैनन् । हरेक लेखनले विकृति, विसङ्गति, विभेद, शोषण, अन्यायको विरोध गर्छ भने प्रगति र आशाको सञ्चार गर्छ पनि भनिन्छ । सबै लेखन प्रगतिशील हुन्छन् भन्ने पनि छन् । तर वर्गीय समाजमा मानिसको सोच, विचार पनि स्वतः वर्गीय हुने हुनाले एउटा वर्गको हित गर्ने अर्थ-व्यवस्था, संस्कृति, राजनीति आदिले अर्को वर्गको हित गर्दैन, अहित गर्छ भन्ने विचार मार्क्सवादी मान्यता छ । यही मान्यताका आधारमा कला, साहित्य र सबै खाले लेखन पनि वर्गीय हुन्छ भन्ने मार्क्सवादी चिन्तकको मत छ ।मार्क्सवाद श्रमजीवी वर्गको हित गर्ने सिद्धान्त हो । त्यसैले कला, साहित्य र हरेक लेखनमा पनि श्रमजीवी वर्गको हित हुने विषय र विचार आउनुपर्छ भन्ने मार्क्सवादी मान्यता छ ।मार्क्सवादी साहित्यलाई प्रगतिवादी वा समाजवादी यथार्थवादी साहित्य भनिन्छ । यसलाई जनसाहित्य पनि भनेको पाइन्छ । त्यसैले मार्क्सवादी विचारमा आधारित साहित्यिक र गैरसाहित्यिक लेखनलाई 'जनलेखन' भन्न सकिन्छ । यहाँ मार्क्सवादी लेखनका बारेमा चर्चा गरिएको छ ।

**लेखक र लेखन**

सामान्य अर्थमा लेख्ने मान्छे लेखक हो । साक्षर व्यक्तिले केही न केही लेखेको हुन्छ, लेख्छ । औपचारिक रूपमा शिक्षा आर्जन गर्ने मान्छेले त झन् नलेखी हुँदै हुँदैन । लेखनको ढाँचा, विषय, शैलीअनुसार लेखकका अनेक प्रकार छन् । सामान्यतः लेखकलाई साहित्यिक वा सिर्जनशील , प्रदर्शनकारी, व्याख्यात्मक र प्राज्ञिक, रिपोर्ताज र व्यवहारोपोगी गरी वर्गीकरण गरिएको पाइन्छ । साहित्यिक वा सिर्जनशील लेखक कवि, कथाकार, उपन्यासकार, व्यङ्ग्यकार, निबन्धकार आदि हुन् । प्रदर्शनकारी लेखकअन्तर्गत गीतकार, नाटकार, पटकथा लेखक, भाषण लेखक, स्क्रिन राइटर, स्पिचराइटर आदिलाई लिन सकिन्छ । व्याख्यात्मक र प्राज्ञिक लेखक भन्नाले जीवनी लेखक, समालोचक, सम्पादक, विश्वकोश, ज्ञानकोशको लेखक, शब्दकोश लेखक, प्रबन्धकार, इतिहासकार, अनुसन्धाता, अनुवादक, राजनीति, अर्थशास्त्र, विज्ञान, पर्यावरण, संस्कृति, भूगोल, समाजशास्त्र आदि विषयका व्याख्याता, अनुसन्धता आदिलाई बुझिन्छ । पछिल्लो समयमा रिपोतार्ज लेखन निकै लोकप्रिय बन्दै गएको छ । रिपार्ताजको व्यापक परिभाषाभित्र ब्लग लेखक, स्तम्भकार, डायरी लेखक, पत्रकार, संस्मरण लेखक पनि पर्छन् । तर पछिल्लो समयमा रिपोर्ताज लेखक स्वयं पनि समभागी भएको कुनै घटना विशेष, पात्रविशेषको यथार्थ र लेखकको अनुभूति समेतको मिश्रण भएको लेखनका रूपमा स्थापित भएको देखिन्छ । व्यवहारोपोगी लेखक व्यवहारमा आधारित विषय, प्रविधिमा आधारित भएर लेख्ने लेखक भनेर बुझ्न सकिन्छ । यसरी हेर्दा साहित्यकार, प्राध्यापक, शिक्षक, पत्रकार, वकिल, कर्मचारीदेखि विद्यार्थी समेत लेखक हुन् । सामान्यतः हामी साहित्यकार र ज्ञानविज्ञानका विविध विषयमा फुटकर लेख र किताब लेख्ने व्यक्तिलाई लेखक भनेर बुझ्छौं । यहाँ वकालत, प्रशासनिक र शैक्षिक विषयमा आधारित लेखनलाई छाडेर साहित्यिक तथा बौद्धिक (ज्ञानात्मक) लेखनका सन्दर्भमा मार्क्सवादको विषयमा चर्चा गर्ने प्रयत्न गरिएको छ।

**मार्क्सवादी दर्शन र लेखन**

साहित्यिक लेखन बारेको चिन्तन धेरै अघिदेखि भएको पाइन्छ । पूर्वमा भरतमुनि (इसापूर्व पहिलो शताब्दी) र पश्चिममा खासगरी प्लेटो (४२७-३४७ ईपू) बाट कला सम्बन्धी चिन्तनको सुरुआत भएको पाइन्छ । प्लेटोले साहित्य कलालाई नीतिशास्त्रका रूपमा चर्चा गरे । प्लेटोको विचारमा टेकेर उनका शिष्य एरिस्टोटल (३८४-३२२ ईपू) ले अनुकरण र विरेचन जस्ता महत्वपूर्ण सिद्धान्त प्रतिपादन गरे । उनले कलालाई प्रकृतिको सिर्जनात्मक अनुकरणका रूपमा व्याख्या गरे । होरेस (ईपू ६५-५), प्लोटिनस (ई. २०५-२७०), सेन्ट अगस्टाइन (ई. ३५३-४३०) आदि चिन्तकले साहित्यमा सत्यं, शिवम् र सुन्दरम्का साथै नीति सापेक्षताको वकालत गरे । युरोपेली पुनर्जागरण सँगै बुद्धिवादको विकास भयो । देकार्तो (इ.१५९६- १६५०) ले साहित्य कलाको आनन्दलाई बौद्धिक आनन्दका रूपमा व्याख्या गरे । बुद्धिवादी चिन्तकहरूका विपरीत अनुभववादी चिन्तकहरूले साहित्य कलालाई कल्पनाको सुखका रूपमा व्याख्या गरे । यिनै पृष्ठभूमिमा १८औं शताब्दीमा कला-साहित्यको सौन्दर्य दर्शन अथवा सौन्दर्यशास्त्रको अवधारणाको जन्म हुन पुग्यो । अंग्रेजीमा सौन्दर्यशास्त्रलाई एस्थेटिक्स भनिन्छ । यो शब्दको प्रयोग सर्वप्रथम अलेक्जेन्डर बाउमगार्टेन (इ. १७१४- १७६२) बाट भएको हो । यसलाई आधुनिक अर्थमा प्रतिस्थापित गर्ने काम भने हेगेल (ई. १७७०-१८३१) बाट भएको मानिन्छ । हेगेलले सौन्दर्यशास्त्रलाई सम्पूर्ण कलाको दर्शनका रूपमा स्थापित गरे । त्यसैले उनलाई आधुनिक सौन्दर्यशास्त्रका जन्मदाता पनि भनिन्छ ।

सौन्दर्यशास्त्रलाई कला साहित्य विशेषको अलग्गै शास्त्रका रूपमा स्थापित गर्ने काममा क्रोचे (इ. १८६६ - १९५२) को महत्त्वपूर्ण योगदान रहेको छ । क्रोचेले अभिव्यञ्जनावाद सिद्धान्तको प्रतिपादन गरे । उनको सिद्धान्त अनुसार मूल कला मानिसको मनमा अभिव्यञ्जित हुन्छ र स्रष्टाको मनमा जन्मिएको वास्तविक कलालाई भाषा, रङ आदिका माध्यमबाट प्रकट गर्नु कलाको बाह्य प्रकटीकरण मात्र हो । १९औं शताब्दीको अन्त्यतिर नीतिवादी सिद्धान्तको विरोध गर्दै कला कलाका लागि भन्ने सिद्धान्त जन्मियो । यसले कला साहित्यको सौन्दर्य त्यसको रूप पक्षमा हुन्छ भन्ने मान्यता अगाडि सार्‍यो । मार्क्सवादको उदयसँगै कला साहित्य चिन्तनमा ठुलो परिवर्तन आयो । मार्क्सवादी चिन्तकले साहित्यमा अन्तर्वस्तु (भाव पक्ष) र रूप गरी दुई पक्ष हुन्छन्, त्यसमा अन्तर्वस्तु प्रधान हुन्छ, यद्यपि रूप पक्षको पनि महत्वपूर्ण भूमिका हुन्छ भन्ने मान्यता स्थापित गरे । यसरी मार्क्सवादी आएपछि कला साहित्य र सौन्दर्य चेत पनि सापेक्ष हुन्छ, यो समाजभन्दा भिन्न हुन सक्तैन भन्ने मान्यता स्थापित भयो । मार्क्सवादको उदयसँगै कुनै वस्तु जन्मजात सुन्दर हुन्छ वा ईश्वरले नै उसलाई सुन्दर बनाइदिएको हुन्छ अनि सुन्दर भन्ने कुरा स्थिर, सार्वभौम र निरपेक्ष कुरा हो भन्ने पुरानो मान्यतामाथि प्रश्न खडा भयो । मार्क्सवादले सौन्दर्यलाई गतिशील, परिवर्तनशील र सापेक्ष हुन्छ भन्ने मान्छ । यसले मान्छेका श्रम प्रक्रियालाई सौन्दर्य मूल्यसँग जोड्नुपर्छ भन्छ । मार्क्सवादका अनुसार श्रममा सौन्दर्य हुन्छ, श्रमले मान्छेका सौन्दर्यात्मक आवश्यकताको परिपूर्ति गर्छ । यस अनुसार मान्छे एक सक्रिय कर्ता हो, उसले आफ्ना सारा बाधा बन्धन तोड्न सक्छ र स्वतन्त्र हुन सक्छ । त्यही कर्ता हुन सक्ने, बाधा बन्धन तोड्न सक्ने गुण र क्रिया नै सुन्दर हुन्छ भन्ने मार्क्सवादी मान्यता रहेको छ । मार्क्सवादले सबै प्रकारका उत्पीडन र विभेदको अन्त्य हुनु र सदैव अगाडितिर अग्रसर भइरहनु नै सौन्दर्य हो भन्छ र कला साहित्यमा त्यही कुराको अपेक्षा राख्छ।

मार्क्सवादका अनुसार कला साहित्यको मूल्य वर्गीय उपयोगिता र अनुभूतिका आधारमा नै निर्धारण हुन्छ । जनताको स्वतन्त्रता र मुक्तिसँग जोडिएको साहित्य, कला नै मूल्यवान् हुन्छ र त्यही साहित्य कला नै सुन्दर हुन्छ भन्ने मान्छन् । मार्क्सवादी कला साहित्यमा जीवनका वास्तविकता, संघर्ष, परिवर्तनको सही बोध र विश्लेषणका साथै श्रमजीवी वर्गीय पक्षधरताको अपेक्षा गरिन्छ । गतिशील यथार्थ, वर्ग संघर्ष र श्रमजीवी वर्गीय पक्षधरता मार्क्सवादी लेखनका आधारभूत पक्ष हुन् । जीवन र समाजलाई जड नभएर निरन्तर परिवर्तनशील मान्ने, यस्तो परिवर्तनको कारण वर्गसंघर्षलाई मान्ने र त्यस संघर्षमा श्रमजीवी वर्गको पक्ष लिने काम मार्क्सवादी लेखनको आधारभूत मूलभूत विषय हुन् ।

मार्क्सवादी लेखनका मुख्य विशेषतालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

**गतिशील यथार्थको प्रकटीकरण**

द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादको आधारभूत मान्यता हो । भौतिकवाद भनेको देखिने, पुष्टि हुन सक्ने वा संसारमा भएको वस्तु मात्र सही हो भन्ने मान्यता हो । भौतिकवाद अध्यात्मवादको विरोधी छ । अध्यात्मवादले यो संसार आत्मा वा ईश्वरद्वारा सञ्चालित छ भन्ने मान्छ तर भौतिकवादी मान्यताले यो संसारको सञ्चालन कुनै अदृश्य वस्तु वा ईश्वरबाट नभई यही भौतिकवस्तुभित्रकै नियमद्वारा हुन्छ भन्ने मान्छ । मार्क्सवादले यान्त्रिक भौतिकवाद मान्दैन, द्वन्द्वात्मक भौतिकवाद मान्दछ । द्वन्द्वात्मक भनेको दुई पक्षका बिचमा हुने टकरावको स्थिति हो । मार्क्सवादका अनुसार हरेक वस्तुमा दुई विपरीत गुण हुन्छ, तिनमा अन्तर्विरोध हुन्छ । ती विपरीत पक्षका बिचमा द्वन्द्व भइरहन्छ र त्यसले मात्रात्मक परिवर्तन गर्दै अन्ततः गुणात्मक परिवर्तन गर्दछ । गुणात्मक परिवर्तनपछि नयाँ अवस्थाको विकास हुन्छ, नयाँ वस्तु जन्मिन्छ । यो निरन्तर चली रहने प्रक्रिया हो । विकास वा परिवर्तनको यही नियमलाई मार्क्सवादले द्वन्द्वात्मक भौतिकवाद भनेको छ र यही नियमका आधारमा मार्क्सवादी लेखनले यथार्थलाई स्थिर वा जड नमानी गतिशील हुन्छ भन्ने मान्छ । मार्क्सवादले द्वन्द्वात्मक भौतिकवादको नियम समाज विकासको प्रक्रियामा पनि लागु हुने मान्दछ । समाज विकासको द्वन्द्वात्मक भौतिकवादी नियमलाई ऐतिहासिक भौतिकवाद भनिन्छ । यसले आर्थिक पक्षलाई आधार र राजनीति, संस्कृति, साहित्य, कला, न्याय, धर्म आदिलाई उपरीसंरचना वा माथिल्ला बनोट मान्दछ । सामान्यतः आधार (अर्थ व्यवस्था) को चरित्र अनुसार उपरीसंरचना (साहित्य, राजनीति, धर्म, संस्कृति आदि) को निर्माण हुन्छ तर आधार र उपरीसंरचनाका बिचमा पनि द्वन्द्ववादको नियम लागु हुन्छ ।

उपरीसंरचनाले पनि आधारलाई परिवर्तन गर्न खोजिरहेको हुन्छ । मुख्य कुरा आधार हो अर्थात् आर्थिक पक्ष हो तर कतिपय अवस्थामा उपरीसंरचनाले पनि आधारलाई परिवर्तन गरिदिन्छन् । त्यतिमात्र होइन, उपरीसंरचनाका पक्षहरू बिचमा पनि द्वन्द्ववादी नियम लागु हुन्छ । राजनीतिले धर्मलाई, धर्मले राजनीतिलाई, साहित्यले राजनीतिलाई, राजनीतिले साहित्यलाई त्यस्तै धर्मले साहित्यलाई, संस्कृतिले साहित्यलाई, पर्यावरणले साहित्यलाई प्रभाव पारिरहेको हुन्छ । यसरी हेर्दा समाजको चरित्र स्थिर नभएर गतिशील हुन्छ, परिवर्तनशील हुन्छ । त्यसैले मार्क्सवादी लेखनमा गतिशील यथार्थको प्रकटीकरणलाई पहिलो सर्त मानिन्छ । लेखनले चित्रण गर्ने समाज, जीवन, राजनीति, संस्कार, संस्कृति, मनोविज्ञान, प्रेम आदिलाई पनि गतिशीलतामा हेर्नु पर्छ, स्थिर वा जडमा हेर्नु हुँदैन । कुनै वस्तु हिजो जे जस्तो थियो, आज त्यस्तै छैन र भोलि त्यस्तै रहँदैन, निरन्तर परिवर्तनमा रहन्छ । यसर्थ लेखनले चित्रण गर्ने यथार्थ गतिशील हुनुपर्छ, परिवर्तनशील हुनुपर्छ । यो मार्क्सवादी लेखनको मूलभूत विशेषता हो ।

**उत्पीडनको विरोध र श्रमजीवी पक्षधरता**

मार्क्सवादी लेखनले श्रमजीवी वर्गको पक्षपोषण गर्दछ । मार्क्सवादले समाज विकासको इतिहासलाई वर्ग संघर्षको इतिहास मान्दछ । मानव उत्पत्तिदेखि अहिलेसम्म आउँदा मानव समाजको विकास जे जसरी भएको छ, त्यो वर्गसंघर्षबाट अगाडि बढेको छ र वर्गीय शोषण रहँदासम्म वर्ग संघर्ष जारी रहन्छ । मार्क्सवादले मानव समाजमा रहको यस्तो वर्गीय विभेदको अन्त्य चाहन्छ र वर्गविहीन समाजको परिकल्पना गरेको छ । त्यसैले मार्क्सवादी लेखनले सबै प्रकारका उत्पीडन, शोषण, अन्याय, अत्याचार, विभेद, कुरीति, कुसंस्कार, अन्धविश्वास आदिको विरोध गर्दछ र समानता, न्याय, प्रगतिको पृष्ठपोषण गर्दछ । 'संसारका मजदुरहरू (श्रमजीवी वर्ग) एक हौं' भन्ने मार्क्सवादको मूल नारा हो । यसैले मार्क्सवादी लेखनले सदैव श्रमजीवी वर्गको हित चिताउँछ, यसको पक्ष दिन्छ । आदर्शवादी साहित्यमा 'सर्वजन हिताय' अथवा सबैको हित हुने कुरा गरिन्छ । तर समाज वर्गीय हुने हुनाले सबैको हित होस् भन्नुको अर्थ धनी, टाठाबाठाको मात्र हित होस् भन्नु हो । त्यसैले मार्क्सवादले ' बहुजन हिताय' को मान्यता अनुसार बहुसंख्यक जनताको हित अर्थात् श्रमजीवी वर्गको हित चाहन्छ, शोषक, बदमास, फटाहहरूका विरुद्ध मजदुर, किसान लगायतका श्रममा रमाउने, श्रममा बाँच्ने वर्गको हित नै मार्क्सवादको लक्ष्य रहको छ र त्यही अनुसारको लेखन मार्क्सवादी लेखनको अभीष्ट हुनुपर्छ ।

मार्क्सवादी मान्यता अनुसार लेखक, कलाकार तथा साहित्यकारहरू जिम्मेवार हुनुपर्छ र त्यो जिम्मेवारी प्रतिबद्धताका रूपमा आउनु पर्छ । लेखकको प्रतिबद्धता र स्वतन्त्रताका बारेमा निकै बहस भएको पाइन्छ । जनताको लेखक कम्युनिस्ट पार्टीप्रति प्रतिबद्ध हुनुपर्छ भन्ने मत पनि जबर्जस्त रूपमा आएको पाइन्छ । त्यसैले प्रतिबद्धतालाई वर्गीय प्रतिबद्धता, विचारधारात्मक प्रतिबद्धता, राजनीतिक प्रतिबद्धता र साङ्गठनिक प्रतिबद्धता गरी वर्गीकरण गरिएको पाइन्छ । यस्तो प्रतिबद्धताले शोषण, दमन, उत्पीडनका विरुद्ध विचार अभिव्यक्तिको अधिकार विनाको लेखकले आम जनसमुदायको, सर्वहारा वर्गको मुक्ति र वर्ग संघर्षको हित गर्ने लेखन लेख्न वा सिर्जना गर्न सक्तैन । त्यसैले लेखकलाई विषयवस्तु, कल्पना, भावना, बिम्ब, शैली आदि कुराको छनोट र सिर्जनामा स्वतन्त्रता हुनुपर्छ भन्ने मान्यता छ । यसरी हेर्दा मार्क्सवादी लेखक मार्क्सवादको मूल दर्शनबाट विचलित हुनुहुँदैन । तर कुनै नेता, गुट, व्यक्तिगत प्रशंसा, भजनप्रतिको प्रतिबद्धता होइन, श्रमजीवी वर्गप्रतिको परिवर्तनप्रतिको प्रक्षधरता र प्रतिबद्धता आवश्यक हुन्छ ।

उद्देश्यमूलक लेखन

एकथरी साहित्य चिन्तकहरू 'स्वान्त सुखाय' वा आनन्दका लागि साहित्य लेखिन्छ भन्छन् । मार्क्सवादले साहित्यबाट मनोरञ्जन प्राप्त हुने कुरालाई स्वीकार गर्दछ तर साहित्य आनन्दको साधन मात्र नभएर, परिवर्तनको वाहक पनि हो, चेतनाको वाहक पनि हो अनि श्रमजीवी वर्गीय मुक्तिको उत्प्रेरक पनि हो भन्ने मान्दछ । मार्क्सवादले साहित्यलाई बौद्धिक विलासका रूपमा मात्र लिनु हुँदैन भन्दै यसलाई उद्देश्यमूलक लेखनका रूपमा लिन्छ । यसले कला साहित्यलाई समाज रूपान्तरणको एक महत्वपूर्ण हतियारका रूपमा लिन्छन् । मार्क्सवादीहरू कला साहित्य र हरेक प्रकार लेखनको स्रोत मानिसको संघर्ष र श्रमलाई मान्छन् । लेखन आफैंमा आफ्नो वर्गको हितका लागि हुन्छ भन्ने मार्क्सवादी मान्यता देखिन्छ । यो कुरा माथि पनि लेखिसकिएको छ ।

प्रगति र आशाको सञ्चार

विसंगतिवादी दार्शनिकहरू जीवनलाई विसंगतिमूलक एवम् निरासाको पुञ्ज मान्छन् । एकथरी मनोवैज्ञानिकहरू जीवनलाई यौनकुण्ठा, असफलताको कुण्ठाहरूको पुञ्ज मान्छन् । त्यस्ता दार्शनिकहरूका प्रभावमा साहित्य र अन्य प्रकारको लेखन पनि निरासा र कुण्ठाको प्रलापका रूपमा आउने गरेको पाइन्छ । यसका विपरीत मार्क्सवादले साहित्यलाई आशा र प्रगतिको वाहक मान्छ । साहित्यले स्रष्टा र पाठक दुवैलाई आशावादी तुल्याउनुपर्छ र साहित्यलाई निराशा र कुण्ठा प्रकट गर्ने साधन मात्र बनाइनु हुँदैन भन्ने मार्क्सवादी मान्यता छ । अन्य प्रकारको लेखनमा पनि यही कुरा लागु हुन्छ ।

**विचार र कलाको समायोजन**

यो विषय मूलतः साहित्यका हकमा लागु हुन्छ । 'कला कलाका लागि' (साहित्य साहित्यका लागि) भन्ने कलावादी दार्शनिकहरू साहित्यमा कलात्मकता अथवा सुन्दर तरिकाले भन्नु नै सबै थोक हो भन्ने मान्दछन् । तर प्रगतिवादले सुन्दर तरिकाले भन्नु त पर्छ नै तर भनिएको कुरा पनि उत्तिकै सुन्दर हुनुपर्छ भन्ने मान्यता राख्दछ । प्रगतिवादी साहित्यिक चिन्तकहरूले साहित्यको रूप र अन्तर्वस्तुमा कुन मुख्य हुन् भनेर बहस गरेका छन् र यी दुवैको द्वन्द्वात्मक सम्बन्ध हुने निष्कर्षमा पुगेका छन् । रूप वा कला पक्ष सुन्दर भयो तर अन्तर्वस्तु कमजोर भयो त्यो साहित्य शक्तिशाली हुँदैन र त्यसैगरी अन्तर्वस्तु सशक्त भए पनि रूप वा कला पक्ष कमजोर भयो भने पनि रचना प्रभावशाली हुँदैन । साहित्यमा प्रकट हुने सन्देश, विचार वा भाव जतिसुकै सुन्दर भए पनि त्यसलाई सुन्दर तरिकाले भन्न सकिएन भने त्यो सन्देश वा विचारले पाठकलाई आकर्षित गर्न सक्तैन । मार्क्सवादीहरू वस्तुमा रहने अन्तर्विरोधहरूलाई मुख्य र सहायक गरी वर्गीकरण गर्दछन् । यसरी वर्गीकरण गर्दा अन्तर्वस्तु प्रधान र रूप सहायक हुने देखिन्छ । भन्नुको अर्थ साहित्यमा विचार मुख्य हो अनि त्यो विचारको वाहकका रूपमा कला पनि नभई हुँदैन । विचारलाई कलात्मक तरिकाले भन्दा मात्र त्यो साहित्य हुन्छ, अन्यथा त्यो साहित्य नभएर नारा हुन जान्छ । साहित्य भनेकै भाषिक कला हो, अभिव्यक्तिको सुन्दर तरिका हो, विशिष्ट तरिका हो । यसर्थ विचार वा भन्न खोजिएको कुरा प्रमुख हुँदाहुँदै पनि आकर्षक ढङ्गले, सुन्दर तरिकाले, पाठक वा भावकको मन छुने र उसलाई प्रभाव पार्ने तरिकाले भन्न सक्नु पर्दछ । यसरी विचार र कलाको उचित समायोजनबाट मात्र साहित्य सुन्दर बन्दछ, उत्कृष्ट बन्दछ ।

**नेपालमा मार्क्सवादी लेखन**

नेपालीमा साहित्यिक लेखनका क्षेत्रमा मार्क्सवादी कोणबाट धेरै बहस, छलफल र लेखनको अभ्यास भएको छ । नेपालका हरेक कम्युनिस्ट पार्टीका जनसांस्कृतिक संघ र महासंघ छन् । जनसांस्कृतिक महासंघको अवधारणाभित्र साहित्यलाई संस्कृतिकै एउटा अभिन्न अवयव मानेको देखिन्छ । त्यही मान्यताका आधारमा महासंघभित्र लेखक संघ, जनकलाकार, ललितकला, समाजशास्त्र, लोकवार्ता, चलचित्र, नाट्य जस्ता विधाका विभाग पनि छन् । त्यसरी नै सबै वामविचारका लेखकको साझा संस्था प्रगतिशील लेखक संघ पनि छ । त्यसरी नै लेखकसँग कुनै कुनै रूपमा जोडिएका पत्रकार, प्राध्यापक, बुद्धिजीवी जस्ता संगठन पनि छन् । गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, भूपी शेरचन, पारिजात, रमेश विकल, श्यामप्रसाद शर्मा, कृष्ण सेन इच्छुक, खगेन्द्र संग्रौलालगायतका थुप्रै स्रष्टाहरू मार्क्सवादी धारबाट लेखेरै स्थापित भएका छन्, गोविन्द भट्ट, मोहन वैद्य, ऋषिराज बराल, निनु चापागाईं, घनश्याम ढकाल लगायतका थुप्रै समालोचकहरू मार्क्सवादी सौन्दर्यचिन्तकका रूपमा स्थापित भएका छन् । यति हुँदाहुँदा पनि सिङ्गो नेपाली साहित्यमा मार्क्सवादी धार जति सबल र प्रभावकारी हुनुपर्थ्यो, त्यो हुन सकेको छैन । पछिल्लो समयमा सैद्धान्तिक तथा वैचारिक पक्ष फितलो बन्दै गएको छ । नेपाली जनताका राजनीतिक परिवर्तनका लागि गरेको संघर्ष र बलिदानको यथार्थलाई साहित्यमा सही तरिकाले प्रतिबिम्बन गर्ने कुरामा मार्क्सवादी लेखकहरू चुकेका छन् । जसरी रुस र चीनका क्रान्तिका पृष्ठभूमिमा जन्मिएका मार्क्सवादी साहित्यले संसारभर प्रभाव जमाएका छन्, तर नेपाली क्रान्ति र बलिदानको साहित्य हामीले लेख्नै सकेका छैनौं ।

साहित्येतर क्षेत्रको मार्क्सवादी लेखनको अवस्था त अझै के हो, कसो हो भन्नुपर्ने अवस्थामा छ । पहिले कम्युनिस्ट नेताहरूले राजनीतिलाई जत्तिकै लेखनलाई पनि उत्तिकै महत्व दिन्थे । पुष्पलाल, मोहनविक्रम सिंह, मोहन वैद्य, कृष्णदास श्रेष्ठहरूदेखि लिएर प्रचण्ड, बाबुराम भट्टराई, झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ, नारायणमान बिजुक्छेहरूले राजनीतिका साथै र लेखनलाई उत्तिकै महत्व दिएका थिए । तर अहिले नेताहरूको रुचि यतातिरबाट पूरै हटेजस्तो अवस्था छ । साहित्य क्षेत्रबाट धेरथोर लेखिनेबाहेक नेपालको अर्थतन्त्र, समाज व्यवस्था, राजनीति, संस्कृति, पर्यावरण, वैदेशिक सम्बन्ध जस्ता विषयमा मार्क्सवादी धारबाट लेख्नेहरू को होलान् भनेर खोज्नुपर्ने अवस्था भएको छ । नेपाली इतिहासमा कम्युनिस्टका नाममा सबैभन्दा बढी भोट पाएर एकलौटी सरकार बनाइरहेको र सरकारबाहेक सडकमा पनि कम्युनिस्ट पार्टीको हस्तक्षेपकारी उपस्थिति भइरहेको अवस्थामा मार्क्सवादी लेखनको धार भने झन्झन् भुत्ते हुँदै गएको अवस्था छ । कम्युनिस्ट पार्टी नेतृत्व रहेको, संविधानमा समाजवाद उन्मुख व्यवस्थाको परिकल्पना गरिएको र गैरकम्युनिस्टहरू पनि समाजवादतिर जाने कुरामा सैद्धान्तिक रूपमा सहमत भएको अहिलेको अवस्थामा मार्क्सवादी लेखनले समग्र लेखनको नेतृत्व गर्नुपर्थ्यो तर यो हिजोको भन्दा कमजोर भएको छ । कम्युनिस्ट पार्टीलाई भोट दिने लेखकहरू लेख्ने विषय नभेटेजस्तो अवस्थामा देखिन्छन् । हामीले सम्बोधन गर्नुपर्ने, प्रस्ट्याउनुपर्ने, सुल्ट्याउनुपर्ने धेरै कुरा छन् तर हामीले त्यतातिर चासो दिन सकेका छैनौं ।

हिजो हामीले नारा लाउँदा हुन्थ्यो, हामीले गणतन्त्र, संघीयता, पहिचान, नौलो जनवाद, समाजवाद, जनवादी शिक्षा, आर्थिक संवृद्धि, राष्ट्रिय स्वाधीनता, स्वाधीन अर्थतन्त्र, आत्मनिर्भर अर्थतन्त्र, राष्ट्रिय पुँजीको विकास, वर्गीय, लैङ्गिक, जातीय, क्षेत्रीय विभेदको अन्त्य, अन्तर्राष्ट्रवाद आदिका सपना लेख्यौं । अब ती सपनालाई आफैंले कार्यान्वयन गर्ने अवस्थामा हामी छौं, तर यो चरणमा आएर हामीले लेख्न छोड्यौं । जनवादी शिक्षाको सपना लेख्ने आधा दर्जन लेखकहरू शिक्षा मन्त्री भइसके, हाम्रो शिक्षा प्रणाली झन् झन् व्यापारीकरण हुँदै गयो । विद्रोह जनताको अधिकार हो भनेर लेख्नेहरू मन्त्री र प्रधानमन्त्री भइसकेपछि कार्यकर्तालाई लेख्छौं मेरो भजन लेख नत्र नलेख भन्ने अवस्थामा बदलिइरहेको अवस्थाबाट हामी गुज्रिरहेका छन् । यो चिन्ताको विषय हो । त्यसैले हामीले मार्क्सवादी लेखनलाई फेरि जगाउनुपर्ने भएको छ ।

**निष्कर्ष**

मार्क्सवादी लेखन श्रमजीवी वर्गको पक्षमा लेखिन्छ । द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, वर्गसंघर्ष, संसारका श्रमजीवीहरू एक हौ भन्ने मार्क्सवादका आधारभूत प्रस्तावनामा टेकेर लेखिने लेखन मार्क्सवादी लेखन हो । मार्क्सवादी लेखनमा वस्तु यथार्थमा आधारित गतिशील यथार्थको चित्रणमा जोड दिइन्छ । व्यक्तिगत कुण्ठा, निरासा, चाकडी, नियुक्ति, भजनको लेखन मार्क्सवादी हुन सक्तैन । यथास्थितिमा रहेका शोषण, उत्पीडन, विभेद, असमानता, अन्याय, अन्धविश्वास आदिको विरोध गर्दै तिनको अन्त्य हुनुपर्छ भन्ने मान्यता मार्क्सवादी लेखनको मूल कुरा हो । सामूहिक चिन्तन, श्रमजीवी वर्गको हित, सबै प्रकारका उत्पीडनबाट मुक्ति, समानता, र प्रगतिको पक्षपोषणका लागि लेखन नै मार्क्सवादी लेखन हो । यतिवेला नेपालीमा मार्क्सवादी लेखन अल्मलिएको अवस्थामा छ । यतातिर लेखकहरूको ध्यान जान आवश्यक छ ।

# विज्ञानमा महिला पहुँचको अन्तर ाष्ट्रिय दिवस



दिगो विकासका लागि सन् २०३० एजेन्डासहित अन्तर्राष्ट्रिय रूपमा सहमत विकास लक्ष्यहरू प्राप्त गर्न विज्ञान र लैङ्गिक समानता दुवै महत्वपूर्ण छन्। विगत १५ वर्षहरूमा विश्वव्यापी समुदायले महिला र बालिकाहरूलाई विज्ञानमा प्रेरित र संलग्न गराउन धेरै प्रयास गरेको छ। तैपनि महिला र बालिकाहरू विज्ञान र नवप्रवर्तनमा पूर्ण रूपमा भाग लिनबाट वञ्चित छन्।

उच्च शिक्षामा विज्ञान प्रविधिगत क्षेत्रमा महिला सहभागिताको विश्वव्यापी तथ्याङ्क हालविश्वभरकाअनुसन्धानकर्तामध्ये ३० प्रतिशतभन्दा कम महिला छन्। सन् २०१४ देखि २०१६ सम्मको युनेस्कोको तथ्याङ्कअनुसार केवल ३० प्रतिशत महिला विद्यार्थीहरूले उच्च शिक्षामा क्त्भ्ः-सम्बन्धित क्षेत्रहरू छनौट गर्छन्। क्त्भ्ः-सम्बन्धित क्षेत्रहरू भन्नाले साइन्स, टेक्नोलोजी, इन्जिनियरिङ र म्याथम्याटिक्स क्षेत्र भन्ने बुझिन्छ। विश्वव्यापी रूपमा, महिला विद्यार्थीहरू, आईसीटी ( ३ प्रतिशत ), प्राकृतिक विज्ञान, गणित र तथ्याङ्क ( ५ प्रतिशत ) र इन्जिनियरिङ, उत्पादन र निर्माण ( ८ प्रतिशत ) गरी कम छन्। लैंगिक समानता आजको आवश्यकता र चुनौती दुवै हो, प्रविधि र सूचना पहुँचमा महिलाहरूको समान पहुँच बनाउनका लागि विभिन्न दिवस र अभियानहरू चलाइने गर्दछ।

जसमा हरेक वर्ष फेब्रुअरी ११ तारिखको विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस पनि एक हो। महिला समानताको लागि थुप्रै पहल संसारभरि नै हुने गर्दछ। तर, दिनप्रतिदिन विज्ञानको महत्व बढिरहेको हाम्रो युगमा यदि हाम्रा महिलाहरू विज्ञानमै पछाडि रहे भने, आउँदो समयमा के महिला सशक्तीकरण सम्भव छ त? हामीमध्ये धेरैले यो कुरा सोचेका छैनौं होला। त्यसैकारण हरेक वर्षको फेब्रुअरी ११ का दिन संयुक्त राष्ट्रसंघले यो चिन्ताको विषयमा प्रकाश पार्न आजको दिन मनाउने गरेको छ।

# नवदुर्गा आधारभूत विद्यालयमा निःशुल्क आँखा शिविर

झापा(प्रस)। अर्जुनधारा नगरपालिका-४स्थित नवदुर्गा आधारभूत विद्यालयमा एक दिवसीय निःशुल्क आँखा शिविर सम्पन्न भएको छ।



शिविरमा दुई सय २ जना बिद्यार्थीसहित ४ सय ३४ जनाको निःशुल्क आँखा परीक्षण गरिएको थियो। जसमा २७ जनामा मोतीयाविन्दुको समस्या देखिएकाले उनीहरुको मेची आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया गरिने लायन्स क्लव अफ बिर्तामोडका अध्यक्ष बलराम कार्कीले जानकारी दिए।

लायन्सका प्रथम भीडीजी नरनाथ सापकोटाको निधनपछि उनको स्मृतिमा क्लवले 'आई हेल्थ क्याम्प' सञ्चालन गरेको र ग्रामीण क्षेत्रका सर्वसाधारणलाई सेवा पुऱ्याउन शिविर सञ्चालन गरिएको अध्यक्ष कार्कीले बताए। मेची आँखा अस्पतालको प्राविधिक सहयोगमा भएको शिविरमा अस्पतालकी आउट रिच कोओर्डिनेटर कविता कार्की कडरिया, नेत्र सहायक दुर्गेश पासवान, आइहेल्थ वर्कर मञ्जु प्रधान, साधना गुरुङलगायतको टोलीले आँखा जाँच गरेको थियो।

अर्जुनधारा नगरपालिका वडा नम्वर ४का वडाध्यक्ष अमरबहादुर कटुवालको प्रमुख आतिथ्यमा भएको शिविरमा कार्यक्रमको औचित्यमाथि लायन्स क्लव अफ बिर्तामोडका अध्यक्ष कार्कीले प्रकाश पारेका थिए।

शिविरको उद्घाटन सत्रमा लायन्सका एरिया चिफ सत्यनारायण शर्मा, विद्यालयका प्रधानाध्यापक रुद्र खतिवडा, पूर्वअध्यक्ष जीवन खड्का, कोषाध्यक्ष राजेन्द्र विमली, सदस्य विशाल थापा, दीपक कार्की, लीओका अध्यक्ष नवलकिशोर साह, फष्ट भीपी लोकेश पेडिवाल, सुदीप वुढाथोकी, विश्वास खड्का, जोन चेयर पर्सन रुपेश भण्डारीलगायत सहभागी थिए। कार्यक्रमको सञ्चालन सचिव प्रदीप खरेलले गरेका थिए।

# भ्यालेन्टाइन्स डे नजिकिँदा सरकारले रोक्यो गुलाबको आयात

झापा(प्रस)। सरकारले गुलाबको फूल आयात गर्न रोक लगाएको छ।

प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले बिहीबार सूचना निकालेर अर्को व्यवस्था नभएसम्म आयात अनुमतिपत्र जारी नगर्न सबै कार्यालयलाई पत्र समेत पठाएको हो। केन्द्र अन्तर्गत १५ कार्यालयहरु छन्। ती कार्यालयहरु काँकडभिट्टा, भन्टावारी, बिराटनगर, मलंगवा, जलेश्वर, विरगन्ज तातोपानी, एयरपोर्ट, रसुवा, भैरहवा, कृष्णनगर, नेपालगन्ज,



गड्डाचौकी, लोमान्थाङ्ग र बैतडीमा छन्। ती सबै कार्यालयलाई गुलाबको आयात अनुमति नदिन केन्द्रले पत्र पठाएको हो। 'विशेष कारणले अर्को व्यवस्था नभएसम्मका लागि गुलाबको फूल आयात अनुमतिपत्र जारी नगर्न सबैमा जानकारीको लागि अनुरोध छ,' कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहत रहेका केन्द्रले कार्यालयहरुलाई पठाएको पत्रमा भनिएको छ। केन्द्रका सूचना अधिकारी महेशचन्द्र आचार्यले वनस्पतिजन्य रोगको जोखिमले तत्कालका लागि गुलाबको आयात रोक लगाएको बताए। 'फूलसँगै रोगका कीरा आउने, रोगका जिवाणु आउने सम्भावना हुन्छ। विगतमा तिहारको बेला पनि सयपत्री आयातमा कडाइ गरेका थियौ,' सूचना अधिकारी आचार्यले भने, 'तत्कालका लागि गुलाबको फूल आयात रोक गरिएको हो, दीर्घकालीन होइन। हाल गुलाबको आयातका सम्बन्धमा प्राविधिक अध्ययन भइरहेको र केही दिनपछि शर्तसहित खुल्ला गरिने उनले जानकारी दिए।

# टर्की-सिरिया भूकम्पमा परी हालसम्म २० हजारभन्दा बढीको मृत्यु

एजेन्सी। टर्की र सिरियामा सोमबार गएको शक्तिशाली भूकम्पमा हालसम्म २० हजारभन्दा बढीको मृत्यु भएको छ।

यसैबीच, संयुक्त राष्ट्रले प्रकोपको पूर्ण सीमा अझै अस्पष्ट भएको चेतावनी दिएको छ। दुवै देशमा राहत र उद्धारको काम द्रुत गतिमा भइरहेको भए पनि अहिले भूकम्प गएको सय घण्टाभन्दा बढी समय बितिसकेको छ र भग्नावशेषमा पुरिएका मानिस जिउँदो हुने आशा कम हुँदै गएको छ। यसैबीच, कडा चिसोले भूकम्पबाट बाँचेका हजारौं जनताका लागि नयाँ चुनौती खडा गरेको छ। यहाँ बस्ने ठाउँबाहेक खानेकुराको चरम अभाव भइरहेको छ। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले यस प्रकोपको पूर्ण तस्बिर अझै खुल्न नसकेको बताएका छन्। विशेष गरी विगत केही वर्षदेखि गृहयुद्धको मार झेलिरहेको सिरियामा। यसैबीच, विश्व स्वास्थ्य सङ्गठनले यदि बाँचेकाहरूलाई खाना, पानी, औषधि र आश्रय जस्ता सहायताहरू 'तीव्र रूपमा पुऱ्याइएन' भने, अर्को प्रकोप आउन सक्ने चेतावनी दिएको छ।

टर्कीका राष्ट्रपति रेसेप तैयूयप अर्दोआनले दक्षिणी टर्कीका १० प्रान्तमा तीन महिनाको आपत्काल घोषणा गरेका छन् र भूकम्पलाई 'शताब्दीकै प्रकोप' भनेका छन्। ओस्मानिये प्रान्तमा भइरहेको राहत तथा उद्धार कार्यको समीक्षा गरेपछि उनले भने, 'यस भूकम्पले ठुलो जनधनको क्षति भएको छ, यसलाई शताब्दीकै विपत्ति भन्न सकिन्छ। राहत र उद्धार कार्यमा सहयोग गर्न हजारौं मानिस अगाडि आए। देशका विभिन्न भाग र अन्य मुलुकबाट पनि यस क्षेत्रमा सबै प्रकारका सहयोग र सवारीसाधन ल्याइएको छ।'

# 'ट्विटर ब्लु' लागि ९५० रुपैयाँसम्म बुझाउनु पर्ने

एजेन्सी। माइक्रो ब्लगिंग प्लेटफर्म ट्विटरले भारतमा सब्सक्रिप्सन सेवा गरेको छ।

भारतमा ट्विटर ब्लु टिक सर्भिसका लागि प्रतिमहिना ६५० रुपैंया भारतीय रुपैयाँ बुझाउनु पर्ने नियम बनाएको छ। बेब युजर्सको ट्विटर ब्लु प्रयोगका लागि मासिक ६५० भारतीय रुपैयाँ दिनु पर्ने नियम बनाएको तर, मोबाइल प्रयोगकर्ताले भने प्रतिमहिना ९५० भारतीय रुपैयाँ दिनु पर्नेछ। एलन मस्कले पछिल्लो




महिना ४४ मिलियन डलरमा ट्विटर खरिद गरेका थिए, उनले खरिद गर्नेबित्तिक्कै माइक्रो ब्लगिंग प्लेटफर्ममा धेरै परिवर्तन गरिरहेका छन्। एलन मस्कले पछिल्ला दिनमा ट्विटर ब्लु सर्भिसका लागि यो जानकारी दिएका थिए कि ब्लु टिक लिने प्रयोगकर्ताका लागि शुल्क मात्रै दिईने छैन, सो शुल्क लिने प्रयोगकर्तालाई अतिरिक्त सुबिधासमेत दिइनेछ। ट्विटरले पछिल्ला दिनमा अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, न्युजिल्याण्ड र जापानलगायत केही देशमा ट्विटर ब्लुको सेवा सुरु गरिसकेको छ। यी देशमा ट्विटरले ब्लु टिक सब्सक्रिप्सन शुल्क भनेर प्रतिमहिना ८ डलर लिदैं आएको छ। जसअनुसार यी देशले प्रतिबर्ष अमेरिकन ८४ डलर ट्विटरलाई दिनुपर्ने हुन्छ।

# प्रतिबन्धित लागूऔषधसहित ५ जना पक्राउ

झापा(प्रस) ।मोरङ र सुनसरीको छुट्टाछुट्टै स्थानबाट प्रतिबन्धित लागूऔषधसहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

बिहीबार विशेष सूचनाको आधारमा मोरङको ईलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरी टोलीले केराबारी गाउँपालिका-१० का १९ बर्षीय गोरे भन्ने बिनय मगरको कोठा खानतलासी गर्दा टिनको बाकसमा लुकाईराखेको फेनारगन, डाईजेल्याव, ब्रुफिनसहित ११ एम्पुल बरामद गरेको हो भने ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान-१५ का २६ बर्षीय लकि गुरुङ, ३२ बर्षीय कुसबहादुर भुजेल, धरान २ का काम्मराज लिम्बू र धरान ४ का ३० बर्षीय सन्जु बि.क.लाई ७३ एम्पुल लुपिजेसिक, एभिल, फेनारगन र डाइजेपामसहित पक्राउ गरेको हो। पक्राउ परेका उनीहरुको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको छ।

# नेपाली चलचित्रमा भारतीय कलाकारको अभिनय

झापा(प्रस)।

भारतको हैदरावादस्थित रामोजी स्टुडियोमा छायांकन भइरहेको चलचित्र 'ह्रस्वदीर्घ' मा नेपाली कलाकारसँगै भारतीय कलाकार ब्रह्मानन्दम् र अली देखिएका छन्।



ब्रह्मानन्दम् ढाकाटोपी, कुर्ता र धोतीमा प्रस्तुत छन् भने अलि राजस्थानी 'लुक्स'मा देखिएका छन्। भारतको तामिल र तेलुगु चलचित्रमार्फत नेपालमा समेत यी दुईको प्रशंसक राम्रै छन्। सँगै रहेका अभिनेता रवीन्द्र झा पण्डितको भेषभूषामा प्रस्तुत छन्। अभिनेत्री नीता ढुङ्गाना निर्मात्री रहेको चलचित्रलाई चन्द्र पन्तले निर्देशन गरिरहेका छन्। 'बाह्र दिनसम्म रामोजी स्टुडियोमै छायांकन हुनेछ। त्यसपछि आग्रास्थित ताजमहल र नेपालमा छायांकन गर्ने तयारी गरेका छौं', निर्मात्री ढुङ्गानाले भनिन्। युवापुस्ताको प्रेमलाई विम्ब बनाएर कथा तयार गरिएको चलचित्रमा नेपाली कलाकार सरोज खनाल, विपना थापा, हरिहर अधिकारी, आयुश मिश्रालगायतको अभिनय रहने छ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। कला र गलाको प्रभाव बढ्नेछ।

**वृष** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ।

**मिथुन** लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। कार्य सम्पादनमा सहजता मिल्नेछ।

**कर्कट** आज मनमा दुबिधा उत्पन्न हुनेछ। दिनको उत्तरार्धमा धन खर्च बढ्नेछ।

**सिंह** अतिथिका रूपमा सम्मान पाइनेछ। आत्मिक सन्तुष्टि मिल्नेछ।

**कन्या** परिवारजनको साथले नयाँ आशा पलाउनेछ। इनाम र प्रतिष्ठा कमाउने

**तुला** बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ। शुभकार्यको चर्चा चल्नेछ।

**वृश्चिक** मेहनतीहरूका लागि दिन फलदायी नै रहनेछ। गरेको काममा ढिलासुस्ती हुनेछ।

**धनु** सानो प्रयत्नले ठूलो काम सम्पादन हुनेछ। श्रमको उचित मूल्याङ्कन हुनेछ।

**मकर** पारिवारिक सद्भाव बढ्नेछ। नयाँ व्यक्तिसँग भेटघाट हुने समय छ।

**कुम्भ** आज इच्छा र आकाङ्क्षा पूर्ण हुने भएको छ। मनमा हर्ष छाउनेछ।

**मिन** आज मनमा चञ्चलता बढ्नाले गलत निर्णय लिन पुगिएला सचेत रहनुहोला।